**निर्णयहरुः**

१. कंचनरुप नगरपालिकाको ठेलिया र तिरहुत गाउँपालिकाको धनपुरीमा महुली खोलाले बाँध फुटाएको हुँदा उक्त बाँधहरु मध्ये धनपुरीमा निर्माणको कार्य प्रारम्भ समेत भैसकेकोले उक्त स्थानमा राजनीतिक दलहरु, स्थानीय तहका जनप्रतिनिधीहरु, स्थानीयबासी र सुरक्षाकर्मीहरु समेतको सक्रियतामा बाँध बाध्ने कार्य भोलिबाट शुरु गर्ने । जलस्रोत तथा सिंचाई डिभिजन कार्यालयले यस बिषयको समन्वय गर्ने ।

२. मिति २०८१ जेष्ठ ३० गते बसेको जिल्ला बिपद् व्यवस्थापन समितिको वैठकको निर्णय कार्यान्बयनको समीक्षा भयो । कार्यान्बयन हुन बाँकी निर्णयहरु सम्बन्धित निकायहरुले तत्काल कार्यान्बयन गर्ने ।

३. मनसुनको यो सिजनमा यस जिल्लाको बिभिन्न स्थानीय तहहरुमा हुने डुबान र कटान रोकथामको लागी आवश्यक बोरा,तारजाली लगायतका आफ्नो कार्यक्षेत्राधिकार भित्र पर्ने नदी नियन्त्रणको लागि आवश्यक सामग्रीहरु पर्याप्त मात्रामा खाँडो नदी नियन्त्रण आयोजना र जल श्रोत तथा सिचाई डिभिजन कार्यालय सप्तरीले व्यवस्थापन गर्ने ।

४. बाढी, डुबान र कटानको कारण प्रभावित खेतीयोग्य जमिन, बिऊ बिजन र कृषी चौपायमा पुगेको क्षतिको विवरण कृषि ज्ञान केन्द्र, सप्तरी र भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले स्थानीय तहहरुसँगको समन्बयमा संकलन गरी राहतको एवं उपयुक्त कार्यक्रमको लागी आ-आफ्नो मन्त्रालयमा लेखी पठाउने र सो को जानकारी जिल्ला बिपद् व्यवस्थापन समितिको बैठकमा समेत गराउने ।

५. बिपद्जन्य घटनामा उद्धार तथा व्यवस्थापनको कार्यमा खटिएका सुरक्षाकर्मीहरुलाई स्थानीय तहहरुले श्रम,स्रोत र साधन सहितको जनसहभागिता जुटाएर सहयोग पुर्याउने ।

६. बाढी, डुबान तथा कटानबाट प्रभावित परिवारहरुलाई जोखिमको लेखाजोखा गरी तत्काल नजिकको सुरक्षित स्थानमा स्थानान्तरण गर्ने र तत्कालको लागि खाद्यान्नको व्यवस्था स्थानिय विपद् व्यवस्थापन समितिहरुले मिलाउने र बिपद् व्यवस्थापनमा संलग्न कार्यालयहरु,उद्योग बाणिज्य संघ र अन्य संघ संस्थाहरुले क्रमशः व्यवस्थित बसोबास र खाद्यान्न लगायतका क्षेत्रमा सक्दो सहयोग गर्ने ।

७. सडक डिभिजन कार्यालय लाहान, हुलाकी सडक निर्देशनालय, इटहरी, कमला कञ्चनपुर सडक योजना (पूर्वी-खण्ड) लाहान लगायत सडक निर्माणसँग सम्बन्धित कार्यालय/आयोजनाहरु र स्थानिय तहहरुले आफ्नो कार्य जिम्मेवारीभित्र रहेका निर्माणाधिन सडकहरुमा सहज रुपमा सवारी आवागमन हुने व्यवस्था मिलाउने ।

८. महुलीखोला, सुन्दरीखोला, ट्याङ्ग्राखोला र आमाहाखोला लगायतका खोलाको बाढीबाट हुन गएको क्षति पुननिर्माण गरी तत्काल नहर संचालनमा ल्याउनुपर्ने अवस्था सिर्जना हुन गएकोले सम्बन्धित कार्यालयलाई तुरुन्त आवश्यक व्यवस्थापनका कार्यहरु गर्न गराउन कोशी पम्म चन्द्र नहर सिंचाई व्यवस्थापन कार्यालय सप्तरीलाई निर्देशन दिने ।

९. महुली लगायत जलस्रोत कार्यालयको कार्यक्षेत्रभित्र पर्ने नदी तथा खोलाहरुले फुटाएको बाँध तत्काल बाधी नियन्त्रण गर्न र डुवानबाट नागरिकलाई जोगाउन जलस्रोत तथा सिंचाई कार्यालयले तत्काल कार्य प्रारम्भ गर्ने व्यवस्था मिलाउने ।

१०. सडक डिभिजन कार्यालय लहानले यस जिल्लामा निर्माण गरिरहेका सडकहरु: रुपनी-राजबिराज, राजबिराज-हनुमाननगर, राजबिराज-सखडा र भारदह-डाढा गाउँ हुँदै खाडो खोलासम्म पुग्ने सडक लगायतका सडकहरु तत्काल भोलिबाटै मर्मत संभारको कार्य प्रारम्भ गरी सहज सवारी आवागमनको व्यवस्था मिलाउने ।

११. यस जिल्लाको विभिन्न स्थानीय तहहरु भएर बग्ने गंगाजली, ट्याङ्ग्रा, आमाहा खोलामा बालुवाको सहत बढी भई बस्ती जोखिममा परेको बिषय बैठकमा उठान भएकोले स्थानीय विपद् व्यवस्थापन समितिको बैठकले जोखिमको लेखाजोखा गरी प्राबिधिक परीक्षणबाट एकिन गरी प्रचलित कानून विपरीत नहुने गरी स्थानीय तहको खर्चमा आवश्यक व्यवस्थापन स्थानीय तहले गर्ने ।

१२. डिभिजन वन कार्यालयले यस जिल्लाको नदी आसपासका क्षेत्रमा नदीबाट हुने जोखिमको आधारमा खोलानदीहरुमा वृक्षारोपण गर्नुपर्ने स्थानहरु पहिचान गरी वृक्षारोपन गर्ने ।

१३. चुरे संरक्षण क्षेत्र सलकपुर मोरङले यस जिल्लामा रहेको चुरे संरक्षणको कार्य गर्दा स्थानीय तहहरु, डिभिजन वन कार्यालय र जलस्रोत तथा सिंचाई डिभजन कार्यालयसँग समन्वय गर्ने ।